**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ३ गते बुधबार ❑ 17 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सडक पूर्वाधार र यातायात क्षेत्रलाई बजेटमा प्राथमिकता: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दुई पाङ्ग्रे सवारी साधन (मोटरसाइकल, स्कुटर) लाई रातो प्लेटकै रुपमा पनि राइड शेयरिङ अनुमतिः दिइने बताउनु भएको छ।

मंगलबार पोखरामा आयोजना भएको गण्डकी प्रदेश ट्राफिक व्यबस्थापन सम्बन्धी प्रादेशिक समिक्षा गोष्ठीमा वोल्दै मुख्यमन्त्री पाण्डेले प्रदेशमा हाल रातो प्लेटका दुई पाङ्ग्रे सवारी साधनलाई राइड शेरिङको रुपमा संचालन गर्न दिने बताउनु भएको हो।

उहाँले भन्नुभयो "कलेज पढ्ने विद्यार्थीहरूको आयआर्जन, घरभाडा र पढाइ खर्च धान्न सहज होस् भनी रातो प्लेटका दुई पाङ्ग्रे सवारी साधनलाई राइड शेयरिङ सञ्चालनको अनुमति दिइने भएको छ । कालो प्लेट अनिवार्य गर्दा हाल सञ्चालित ८० प्रतिशत चालक विस्थापित हुने भएकाले यो निर्णय गरिएको हो।" चार पाङ्ग्रे सवारी साधनको हकमा भने हाल कालो प्लेटलाई मात्र राइड शेयरिङको अनुमति हुने भएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो । पुरानो ट्याक्सीलाई राइड शेयरिङका रूपमा रूपान्तरण गर्दा दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइने उहाँले जनाउनु भयो। विद्यार्थी र अपाङ्गता भएका व्यक्तिहरूलाई दिइँदै आएको भाडा छुटको व्यवस्थालाई प्रदेश सरकारले निरन्तरता दिएको बताउदै मुख्यमन्त्री पाण्डेले सो वापत सार्वजनिक बस, मिनिबस तथा माइक्रोबसका धनीलाई सवारी साधन करमा ६० प्रतिशत छुट दिइने व्यवस्था गरिएको जनाउनु भयो । गण्डकी प्रदेशबाट अब १० वर्षको म्याद हुने गरी सवारी चालक अनुमति पत्र (लाइसेन्स) को नवीकरण गरिने तयारी गरिएको उहाँले बताउनु भयो। मुख्यमन्त्री पाण्डेले सवारी दुर्घटना न्यूनीकरण र प्रभावकारी ट्राफिक व्यवस्थापन प्रदेश सरकारको प्रमुख प्राथमिकतामा रहेको उल्लेख गर्दै स्रोत साधनले भ्याएसम्म सीसी क्यामरा लगायतका प्रविधि थप गर्ने प्रतिबद्धता जनाउनुभयो । पोखरालाई पर्यटनको राजधानी घोषणा गरिएसँगै पर्यटक आकर्षणका योजनाका लागि बजेट विनियोजन गरिएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। सर्वोच्च अदालतको आदेश अनुसार फेवातालको सीमाङ्कन पश्चात् अब पहिलो चरणको सौन्दर्यीकरणका लागि आगामी वर्षका लागि ५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको उहाँले जनाउनु भयो। यस आयोजनालाई पोखरा महानगरपालिकासँगको साझेदारीमा बहुवर्षीय योजनाका रूपमा अघि बढाउने पाण्डेले बताउनु भयो। भारतबाट आउने पर्यटकीय सवारी साधनहरू ग्रामीण पर्यटकीय क्षेत्रमा जाँदा भौगोलिक अवस्थाका कारण दुर्घटनाको जोखिम रहने हुँदा अब पार्किङ व्यवस्थापनमा जोड दिनुपर्ने उहाँको भनाइ थियो । साथै, उहाँले चालकहरूलाई बायाँबाट नभई जहिले पनि दायाँ (राइट साइड) बाट ओभरटेक गर्न आग्रह गर्नुभयो । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गोष्ठीका निष्कर्षहरू कार्यान्वयन गर्न महानगर पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो । पोखरा क्षेत्रमा करिब २ करोड रुपैयाँ बराबरको सीसी क्यामरा जडानका लागि टेण्डर प्रक्रिया अगाडि बढिसकेको उहाँले जानकारी दिनुभयो । सडकका खाल्डाखुल्डी पुर्ने विषयमा महालेखाले प्रश्न उठाए पनि आपतकालीन अवस्थामा महानगरले क्षेत्राधिकार बाहिर गएर भए पनि काम गरेको उहाँले स्पष्ट पार्नुभयो। यसअघि चौपायाका कारण हुने दुर्घटना रोक्न महानगरको समन्वयमा गौशाला सञ्चालन गरिएको र अब कुकुरका कारण हुने दुर्घटना रोक्न कुकुरहरूको समेत व्यवस्थापन गरिने मेयर आचार्यले बताउनुभयो।



नेपाल प्रहरी प्रधान कार्यालय विभागका प्रहरी नायव महानिरीक्षक अरुण पौडेलले पछिल्लो समयमा मापसेसँगै लापसे समस्या बढेका कारण सडक दुर्घटना बढेको दाबी गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक दिपेन्द्र जि.सी.ले ट्राफिक र प्रहरीको एकल प्रयासले मात्र दुर्घटना रोक्न नसकिने हुँदा सबै सरोकारवालाको सहयोग आवश्यक रहेको बताउनुभयो। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले अबको ट्राफिक व्यबस्थापन सडकमा नभई प्रविधिमा आधारित हुनुपर्नेमा जोड दिनुभयो। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका बरिष्ठ उपाध्यक्ष ऐनकुमार शाहीले ट्राफिक प्रहरीले ट्राफिक सचेतना गराउनुको सट्टा जरीवाना उठान बढी केन्द्रित भएको बताउदै सवारी दुर्घटनाबाट यात्रु वा बटुवा घाइते वा मृत्यु हुँदा प्रहरीले पिडित पक्षसंग मिलेर आउनु भन्नुको अर्थ प्रष्ट्याउदै कानूनी व्यबस्था अनुसार क्षतिपूर्तिको व्यबस्था लागु गर्न माग गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेश सरकारका भौतिक पुर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्री गोविन्द नेपाली, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की लगायतले ट्राफिक व्यबस्थापनमा सबैको चासो हुनुपर्नेमा जोड दिनु भएको थियो । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौंडाका प्रमुख प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले गण्डकी प्रदेशको समग्र सडक तथा सवारी सुरक्षाको वर्तमान अवस्था, चुनौती र सुधारका सम्भावनाबारे आफ्नो प्रस्तुती राख्नु भएको थियो । चालु बर्षको जेठसम्म प्रदेशमा ४ सय १६ वटा सवारी दुर्घटना हुदा २ सय ३० जनाको मृत्यु भएको बताउनु भयो ।

"जिम्मेवार चालक म, जिम्मेवार यात्रु हामी, सुरक्षित सडक र सवारी हामी सबैको जिम्मेदारी" भन्ने मूल नाराका साथ गण्डकी प्रदेशमा एकदिने ट्राफिक व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न भएको छ । नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखा, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौंडाको संयुक्त आयोजनाका साथै गण्डकी प्रदेश सरकार र गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको समन्वयमा उक्त कार्यक्रम भएको हो ।

## ३५ प्रतिशतले घट्यो गण्डकीको खेलकुदको बजेट

**पोखरापत्र संवाददाता**
काठमाडौं, २ असार

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल बजेटको आकार बढाए पनि खेलकुद क्षेत्रको बजेट भने उल्लेख्य रूपमा कटौती गरेको छ। प्रदेश खेलकुद परिषद्को बजेट चालु आर्थिक वर्षको ९ करोड २४ लाख रुपैयाँबाट घटाएर ६ करोड रुपैयाँमा सीमित गरिएपछि खेलकुद वृत्तमा व्यापक चासो र चिन्ता गर्न थालेका छन्।

प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा ३१ अर्ब ९७ करोड ९९ लाख रुपैयाँको बजेट ल्याएको थियो। आगामी आर्थिक वर्षका लागि बजेट बढाएर ३२ अर्ब ९९ करोड ९९ लाख रुपैयाँ पुऱ्याइएको छ। अर्थात् कुल बजेट करिब १ अर्ब २ करोड रुपैयाँले वृद्धि भएको छ। तर बजेट बढेको अवस्थामा समेत खेलकुद क्षेत्रको बजेट ३ करोड २४ लाख रुपैयाँले घटाइएको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब ३५ प्रतिशत कम हो।

आर्थिक मामिला मन्त्री जीतबहादुर शेरचनले सोमबार प्रदेश सभामा प्रस्तुत गरेको बजेटमा खेल पूर्वाधार स्तरोन्नति, खेलाडी संरक्षण तथा जिल्ला, प्रदेश र राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिने उल्लेख गर्दै प्रदेश खेलकुद परिषद्का लागि ६ करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिनु भएको हो । तर खेलकुद क्षेत्रका सरोकारवालाहरूले भने उक्त बजेटले नियमित कार्यक्रम सञ्चालन गर्नसमेत कठिन हुने बताउनु भएको छ।

प्रदेश खेलकुद परिषद्का अनुसार विनियोजित ६ करोड रुपैयाँमध्ये करिब १ करोड ७० लाख रुपैयाँ कर्मचारीको तलबभत्तामा खर्च हुनेछ । परिषद् मातहतका जिल्ला खेलकुद विकास समितिको प्रशासनिक खर्च, घरभाडा र व्यवस्थापनमा थप ५५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । जिल्लास्तरीय प्रतियोगिता सञ्चालनका लागि मात्रै अर्को ५५ लाख रुपैयाँ आवश्यक पर्ने अवस्था छ । यसरी नियमित प्रशासनिक खर्च कटाएपछि खेल विकास, प्रशिक्षण, प्रतियोगिता सञ्चालन र खेलाडी प्रोत्साहनका लागि उपलब्ध हुने वास्तविक बजेट अत्यन्त न्यून हुने देखिएको छ।

बजेट कटौतीको प्रत्यक्ष असर आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा पर्ने देखिएको छ । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा मात्र गण्डकी प्रदेशले करिब ५ करोड ८६ लाख रुपैयाँ खर्च गरेको थियो । सो प्रतियोगितामा गण्डकीले ३२ स्वर्ण पदकसहित प्रदेशतर्फ पहिलो स्थान हासिल गर्दै राष्ट्रिय खेलकुदमा आफ्नो बलियो उपस्थिति स्थापित गरेको थियो । तर आगामी वर्ष हुने दशौं राष्ट्रिय खेलकुदलाई लक्षित प्रशिक्षण, खेलाडी छनोट, बन्द प्रशिक्षण तथा व्यवस्थापनका लागि आवश्यक स्रोत जुटाउन कठिन हुने संकेत देखिएको प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले बताउनु भयो । खेलाडी उत्पादनको आधार मानिने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि जिल्ला र प्रदेशस्तरमा वार्षिक करिब १ करोड ४५ लाख रुपैयाँ खर्च हुने गरेको छ। हालको बजेट संरचनाले उक्त कार्यक्रम सञ्चालन गर्न नसक्ने अबस्थामा पुगेको समेत उहाँले गुनासो गर्नुभयो।

चालु आर्थिक वर्षमा यस्ता प्रतियोगिताका लागि करिब ५० लाख रुपैयाँ र विभिन्न खेल संघ, संस्था तथा क्लबलाई थप ५० लाख रुपैयाँ सहयोग उपलब्ध गराइँदै आएको थियो। तर आगामी वर्ष परिषद्को बजेट घटेसँगै यस्ता सहयोग कार्यक्रम संकुचित हुने सम्भावना बढेको छ । प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्माले बजेट कटौतीप्रति असन्तुष्टि जनाउँदै खेलकुद क्षेत्रलाई निराश बनाउने निर्णय भएको प्रतिक्रिया दिनुभयो । दशौं राष्ट्रिय खेलकुद, राष्ट्रपति रनिङ शिल्ड, जिल्ला खेलकुद विकास समितिको प्रभावकारी सञ्चालन, खेलाडी प्रशिक्षण तथा खेल पूर्वाधार कार्यक्रमलाई ध्यानमा राख्दै परिषद्ले आगामी वर्षका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार

परराष्ट्रमन्त्री शिशिर खनालले चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गरी 'पार-हिमाली' समृद्धिको अर्को अध्याय संयुक्त रूपमा निर्माणमा योगदान गर्न आह्वान गर्नुभएको छ।

चीनको चारदिने औपचारिक भ्रमणमा रहनुभएका उहाँले मंगलबार बेइजिङस्थित नेपाली दूतावासद्वारा आयोजित लगानी सम्मेलनलाई सम्बोधन गर्दै सो कुरा बताउनुभएको हो । मन्त्री खनालले नेपालको आर्थिक अवसर तथा जनसाि्यकीय सामर्थ्यलाई उजागर गर्दै थप सक्षम र व्यवसायमैत्री वातावरण सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताउनुभएको दूतावासले जनाएको छ । नेपालमा चिनियाँ लगानी प्रवर्द्धन गर्ने उद्देश्यले राजदूतावासद्वारा आयोजित सम्मेलनकै असरमा उहाँले चिनियाँ व्यवसायी, उद्यमी तथा लगानीकर्ताहरूसँग भेटघाट गर्नुभएको थियो। सो अवसरमा नेपालमा रहेका लगानीका अवसरबारे नेपाल लगानी बोर्डका प्रतिनिधिद्वारा प्रस्तुतीकरण गरिएको थियो।

मन्त्री खनालले आजै बेइजिङमा चीनको चिनियाँ जनराजनीतिक परामर्श सम्मेलनको राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङसँग भेटवार्ता गर्नुभएको थियो । भेटका क्रममा नेपाल र चीनबीचको सौहार्द्रपूर्ण तथा मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउने तथा आपसी हितका क्षेत्रमा सहकार्य प्रवर्द्धन गर्ने विषयमा छलफल भएको दूतावासले जनाएको छ । त्यस्तै, मन्त्री खनालले बेइजिङस्थित मियाओयिङ मन्दिरमा रहेको श्वेत स्तूपको अवलोकन गर्नुभएको थियो । नेपालको राष्ट्रिय विभूति

बाँकी अन्तिम पृष्ठमा ▶▶



**योग स्वस्थ जीवनको आधार**

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जामा चालुको तुलनामा पुँजीगत न्यून खर्च

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ असार

स्याङ्जामा प्रदेश सरकारबाट विनियोजित कुल बजेटमध्ये चालु खर्चको तुलनामा पुँजीगत खर्च अत्यन्त न्यून भएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिना (साउनदेखि जेष्ठ मसान्तसम्म) को अवधिमा चालुतर्फ ५७ प्रतिशत खर्च हुँदा पुँजीगत झण्डै ३७ प्रतिशत मात्रै खर्च भएको छ।

चालु वर्षका लागि विनियोजित दुई अर्ब ६६ करोड २० लाख ११ हजार ६३२ रुपैयाँ कुल बजेटमध्ये हालसम्म समग्रमा ४३ प्रतिशत अर्थात एक अर्ब १५ करोड १९ लाख १५ हजार ९७१ रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ।

यस अवधिमा पुँगीगत खर्चतर्फ विनियोजित एक अर्ब ८६ करोड ५९ लाख ६० हजार ४३५ रुपैयाँको ३७ प्रतिशतले हुने ६९ करोड ५८ लाख १३ हजार २२ रुपैयाँ मात्रै खर्च भएको छ। त्यस्तै चालुतर्फ विनियोजित ७९ करोड ६० लाख ५१ हजार १९७ रुपैयाँको ५७ प्रतिशत भन्दा बढी अर्थात ४५ करोड ६१ लाख दुई हजार ९४८ रुपैयाँ खर्च भएको कार्यालयले जानकारी दिएको छ। कार्यालयका अनुसार जिल्लामा पुँजीगततर्फको खर्च अत्यन्त न्यून गर्ने प्रदेश मातहतका कार्यालयमध्ये प्रदेश जनस्वास्थ्य शुन्य, जिल्ला अस्पताल ३ प्रतिशत, आँधीखोला बहुप्राविधिक शिक्षालय ७ प्रतिशत, डिभिजन वन कार्यालय ८ प्रतिशत, एकीकृत सेवा कार्यालय झण्डै १० प्रतिशत, प्रदेश आयुर्वेद चिकित्शालय १८ प्रतिशत र कृषि विकास कार्यालय २९ प्रतिशत रहेको कोष तथा लेखा नियन्त्रक थमनारायण अर्यालले जानकारी दिए।

त्यसैगरी जिल्लामा भौतिक पूर्वाधार निर्माणमा मोटो रकम विनियोजन भएका कार्यालयमध्ये पुँजीगत खर्च न्यून गर्नेमा पूर्वाधार विकास कार्यालय ३३ प्रतिशत, खानेपानी तथा सरसफाइ ४९ प्रतिशत र जलश्रोत तथा सिँचाइ डिभिजन ५५ प्रतिशत रहेको छ। ठूला पूर्वाधार निर्माणको जिम्मेवारी पाएका तीन कार्यालयको कुल एक अर्ब ६७ करोड ६५ लाख २२ हजार ४३५ रुपैयाँ बजेटको झण्डै ४० प्रतिशत अर्थात ६७ करोड ३४ लाख ७३ हजार १४० रुपैयाँ मात्रै पुँजीगत खर्च रहेको छ। उता संघीय सरकारबाट विनियोजित ७ अर्ब ९० करोड १२ लाख ७६ हजार ३९५ रुपैयाँको कुल बजोटको ८५ प्रतिशत भन्दा बढी अर्थात ६ अर्ब ७२ करोड ४० लाख २१ हजार १७२ रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ। संघीय सरकारको कुल बजेट समग्रमा खर्च तुलनात्मक रुपमा राम्रो देखिएपनि पुँजीगत खर्चतर्फको अवस्था उस्तै नाजुक रहेको कार्यालयले जनाएको छ।

संघीय सरकारको कुल बजेटमध्ये चालुतर्फ विनियोजित ७ अर्ब ७३ करोड ८६ लाख ९३ हजार ३९५ रुपैयाँको ८५ प्रतिशत अर्थात ६ अर्ब ६२ करोड तीन लाख ४८ हजार ९४८ रुपैयाँ खर्च भएको छ भने पुँजीगत १६ करोड २५ लाख ८३ हजार विनियोजन भएकोमा ६३ प्रतिशत अर्थात १० करोड ३६ लाख ७२ हजार २२४ रुपैयाँ खर्च भएको जनाइएको छ।

# तालबाराहीदेखि दामोदर कुण्डसम्मको धार्मिक यात्रा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार



धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ पोखराको प्रसिद्ध तालबाराही मन्दिरदेखि माथिल्लो मुस्ताङमा अवस्थित पवित्र दामोदर कुण्डसम्मको ६ दिने धार्मिक तथा पर्यटकीय भ्रमण कार्यक्रम सुरु भएको छ।

पोखरा महानगरपालिकाको 'पोखरा भ्रमण वर्ष' र नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभीए) को संयुक्त आयोजनामा यो यात्रा सुरु भएको हो।

मंगलबार पोखराको प्रमुख पर्यटकीय क्षेत्र लेकसाइडस्थित फेवातालको बीचमा रहेको तालबाराही मन्दिर परिसरबाट टोलीले यात्राको शुभारम्भ गरेको छ। ६ दिने यस विशेष भ्रमणका क्रममा सहभागीहरूले पवित्र दामोदर कुण्डका साथै प्रसिद्ध मुक्तिनाथ मन्दिर र यात्राको रुटमा पर्ने अन्य विभिन्न मठमन्दिरहरूको समेत दर्शन एवं भ्रमण गर्ने कार्यक्रम तय गरिएको छ। पोखरा भ्रमण वर्षको सन्दर्भमा आन्तरिक तथा बाह्य धार्मिक पर्यटनलाई थप गतिशील बनाउन र देशका प्रमुख धार्मिक गन्तव्यहरूलाई आपसमा जोड्नका लागि यो कार्यक्रम निकै उपयोगी हुने विश्वास लिइएको छ। यात्राको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले धार्मिक पर्यटनलाई व्यवस्थित र सुरक्षित बनाउनका लागि महानगरले विशेष पहल गरिरहेको बताए। सञ्चारकर्मीहरूको एक टोलीलाई सम्बोधन गर्दै उनले धार्मिक क्षेत्रको भ्रमणपछि प्राप्त हुने वस्तुनिष्ठ रिपोर्टका आधारमा महानगरले नयाँ कार्ययोजना बनाउने जानकारी दिए। 'पर्यटन क्षेत्रका सवारी व्यवस्थापन गर्ने साथीहरू र सञ्चारकर्मीहरूको टोलीले स्थलगत भ्रमण गरी त्यहाँको वास्तविक अवस्था, यात्रुहरूले भोग्नुपरेका समस्या, आवास र खानाको व्यवस्थाबारे विस्तृत अध्ययन गर्नेछ। यसले आगामी दिनमा पर्यटकका लागि थप सहज वातावरण बनाउन मद्दत पुग्नेछ,' उनले भने।

संघका अध्यक्ष रविप्रसाद आचार्यले धार्मिक पर्यटन प्रवर्द्धनका लागि भ्रमण फलदायी हुने बताए।

# 'बिवाइडी' विद्युतीय सवारीसाधन फुकुवा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ असार

मुस्ताङमा दुई सातादेखि सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका बिवाइडी कम्पनीको चाइनिज विद्युतीय सवारी साधनलाई फुकुवा गरिएको छ। सशस्त्र प्रहरी बल नेपालले जोमसोम र कोरलानाकामा नियन्त्रणमा लिइएका ती सवारीसाधन आइतबार साँझदेखि फुकुवा गरेको सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म जोमसोमले जनाएको छ।

मुस्ताङको उत्तरी कोरलानाका हुँदै गत जेठको दोस्रो र तेस्रो हप्तामा बिवाइडी कम्पनीका ७७५ विद्युतीय सवारी साधनहरू नेपाल भित्रिएका थिए। ती मध्ये ६४९ विद्युतीय सवारीको मुस्ताङ भन्सार कार्यालय नेचुङले भन्सार जाँचपास गरेको जनाइएको छ। कोरला नाकाबाट यसरी भित्रिएका ती विद्युतीय सवारीसाधनको पैठारी प्रक्रियामा कैफियत हुनसक्ने आशङ्कामा सशस्त्र प्रहरी बलले उक्त सवारीसाधन नियन्त्रणमा लिएको थियो।

कोरलानाकाबाट ती सबै विद्युतीय सवारीसाधनलाई साइमन ईंकले खरिद गरी नेपाल भित्र्याएको थियो। ती सवारीसाधनको कैफियत रहे /नरहेको यकिन गर्न अर्थ मन्त्रालयले भन्सार विभाग, नीति तथा सञ्चालन महाशाखाअन्तर्गतको मूल्याङ्कन शाखा प्रमुख रहेका निर्देशक भुपालराज शाक्यको संयोजकत्वमा तीन सदस्य छानबिन समिति गठन गरिएको थियो। सरकारद्वारा गठित छानबिन समितिको टोलीले गत जेठ२१ मा कास्की, पर्वत र मुस्ताङको जोमसोम र कोरलानाकामा सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका विद्युतीय सवारीसाधनको स्थलगत अनुमगन गरी अनुसन्धान सुरुआत गरेको थियो। उक्त समितिको प्रारम्भिक प्रतिवेदनअनुसार कोरलानाकाबाट नेपाल भित्रिएका विद्युतीय सवारीसाधनमा कैफियत फेला नपरेको प्रारम्भिक निष्कर्ष निकालेको जनाइएको छ। यसअघि सशस्त्र प्रहरी बल नेपालले गत दुई सातादेखि कास्कीको हेमजामा ९८ र पर्वतको कुश्मा १७ विद्युतीय सवारीसाधन नियन्त्रणमा लिएको थियो। यसैगरी मुस्ताङको कोरलानाकाबाट लोमान्थाङ हुँदै जोमसोम झारिएका २६६ र कोरलानाकामा ३९४ विद्युतीय सवारी साधनलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो।

सशस्त्र प्रहरीद्वारा नियन्त्रणमा लिएका ती साधनलाई आइतबार साँझ सम्बन्धित पक्षको जिम्मा लगाइएको सशस्त्र प्रहरी बल नेपाल ३३ गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो। सशस्त्र प्रहरी बल नेपालको केन्द्रीय निर्देशनअनुसार नियन्त्रणमा लिइएका सबै विद्युतीय सवारीसाधन आइतबार साँझदेखि फुकुवा गरिएको उहाँले बताउनुभयो। कैफियतको आशङ्कामा कोरलानाकाबाट नेपाल भित्रिएका विद्युतीय सवारीसाधन दुई सातासम्म सशस्त्र प्रहरीको नियन्त्रणमा रहेको थियो। कैफियत फेला नपरेपछि जोमसोम र कोरलानाकामा नियन्त्रणमा ती सवारी साधनलाई फुकुवा भएसँगै गन्तव्यतर्फ प्रस्थान गरेका सशस्त्र प्रहरी नायव उपरीक्षक गिरीले बताउनुभयो। उहाँको अनुसार जोमसोम बसपार्कमा राखिएका २६६ विद्युतीय सवारीसाधनमध्ये आइतबार र सोमबार गरी २२३ विद्युतीय सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गरेको जनाइएको छ। जोमसोम बसपार्कमा अहिले २६६ विद्युतीय सवारीसाधनमध्ये ४३ मात्रै बाँकी रहेको सशस्त्र प्रहरीले उल्लेख गरेको छ।

यसैगरी कोरलानाकामा राखिएका विद्युतीय सवारीमध्ये भन्सार जाँचपास भएका सवारीसाधन पनि क्रमशः गन्तव्यतर्फ लैजाने र भन्सार जाँचपास नभएका विद्युतीय सवारीसाधनको पनि आवश्यक भन्सार प्रक्रिया पुरा गरी गन्तव्यतर्फ लैजान समस्या नभएको सशस्त्र प्रहरी बल नेपाल ३३ गुल्मले जनाएको छ।

# लायन्स क्लब अफ पोखरा हेमजाद्वारा नवनिर्वाचित सभापति त्रिपाठीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम गण्डकी प्रदेश अधिवेशनबाट निर्वाचित प्रदेश सभापति नवीन त्रिपाठीलाई लायन्स क्लब अफ पोखरा हेमजाले सम्मानपत्र सहित सम्मान गरेको छ।

क्लबद्वारा आयोजित विशेष कार्यक्रममा त्रिपाठीको नेतृत्व क्षमता, सामाजिक सक्रियता तथा सार्वजनिक जीवनमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै सम्मान प्रदान गरिएको हो। त्रिपाठी लायन्स क्लब अफ पोखरा हेम्जाका निर्देशक समेत हुन्। सम्मान ग्रहण गर्दै त्रिपाठीले प्राप्त सम्मानले आफूलाई थप जिम्मेवार र प्रेरित बनाएको बताउँदै समाज र राष्ट्रप्रतिको सेवामा निरन्तर समर्पित रहने प्रतिबद्धता व्यक्त गरे। उनले लायन्स क्लबसँगको मित्रता, सहकार्य र सामाजिक सम्बन्ध आगामी दिनमा अझ सुदृढ बन्दै जाने विश्वास व्यक्त गरे। उक्त अवसरमा क्लबका सचिव लायन कृष्णमान श्रेष्ठ तथा लियो लायन मनोज त्रिपाठीको जन्मदिनको अवसरमा विशेष शुभकामना आदान-प्रदान कार्यक्रम समेत सम्पन्न गरिएको थियो। कार्यक्रममा लायन्स वर्ष २०२५/२६ का अध्यक्ष लायन दुर्गा प्रसाद पौडेल, संस्थापक अध्यक्ष लायन तीर्थबहादुर थापा, निवर्तमान अध्यक्ष ला. सन्तमान श्रेष्ठ, प्रथम उपाध्यक्ष ला. सुरेन्द्रकुमार श्रेष्ठ, पूर्व अध्यक्ष ला. नवराज त्रिपाठी तथा लियो लायन विष्णुप्रसाद दाहालले शुभकामना मन्तव्य व्यक्त गर्दै सम्मानित व्यक्तित्वको सफल कार्यकाल र सामाजिक योगदानको प्रशंसा गरेका थिए। कार्यक्रममा क्लबका पूर्व अध्यक्षहरू, पदाधिकारी, सदस्य तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले सम्मानित ला. नवीन त्रिपाठी, सचिव ला. कृष्णमान श्रेष्ठ तथा लियो लायन मनोज त्रिपाठीलाई उज्ज्वल भविष्य, उत्तरोत्तर प्रगति र सफल जीवनको शुभकामना व्यक्त गरेका थिए।




## ३५ प्रतिशतले ...

लागि ५१ करोड रुपैयाँ बजेट प्रस्ताव गरेको थियो। "प्रदेश सरकारको समग्र बजेट बढिरहेको बेला खेलकुद क्षेत्रको बजेट घटाइनु दुःखद हो," शर्माले भन्नुभयो, "६ करोड रुपैयाँले कर्मचारीको तलबभत्ता, कार्यालय सञ्चालन र केही नियमित कार्यक्रम बाहेक खेल विकासका नयाँ कार्यक्रम सञ्चालन गर्न निकै कठिन हुन्छ।"

प्रदेश सरकारले भने सामाजिक विकास, युवा तथा खेलकुद क्षेत्रका लागि समग्रमा २ अर्ब १६ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। बजेटमा प्रदेशभित्रका विश्वविद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई नीति निर्माण, विकास योजना तथा सुशासन अभियानमा जोड्न "सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम" सञ्चालन गरिने उल्लेख छ। त्यसैगरी सामुदायिक विद्यालयको गुणस्तर सुधार, डिजिटल शिक्षण प्रणाली विस्तार, "सिक्दै कमाउँदै, कमाउँदै सिक्दै" कार्यक्रमको निरन्तरता तथा गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षालयको विकासका लागि पनि बजेट व्यवस्था गरिएको छ।

## चिनियाँ ...

अरनिकोद्वारा डिजाइन गरिएको उक्त सम्पदा नेपाल-चीन मित्रताको प्रतीक हुनाका साथै नेपालको ऐतिहासिक सौम्य शक्ति, नेपाली कलाकारहरूको अन्तरराष्ट्रिय प्रतिष्ठा तथा नेपाली वास्तुकलाको समृद्धिको प्रमाण हो।

मन्त्री खनालले आज नै चिनियाँ तथा अन्तरराष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्दै नेपालको परराष्ट्र नीति, नेपाल-चीन सम्बन्ध, नेपालमा नवगठित सरकारका प्राथमिकताहरू तथा अन्तरराष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारे आफ्ना धारणा साझा गर्नुभएको थियो। उहाँ चीनका विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्यूरो सदस्य वाङ यीको निमन्त्रणामा आइतबार बेइजिङ पुग्नुभएको थियो। मन्त्री खनाल भ्रमण सम्पन्न गरी भोलि असार ३ गते स्वदेश फर्किनुहुने कार्यक्रम छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# संसद बैठक छल्दै मन्त्रीहरू

संसद्मा बैठक चलिरहँदा सत्तापक्षको बेञ्चमा प्रधानमन्त्री र मन्त्रीहरू हुनुपर्छ । सांसदहरूले आफ्ना भनाइ प्रधानमन्त्री र मन्त्रीहरूलाई सुनाउन चाहन्छन् ।सांसदहरूले प्रधानमन्त्री र मन्त्रीहरूलाई संसदमा देख्न चाहनु जनताका आवाज सुनाउन हो।सरकारको नीति तथा कार्यक्रम र बजेटमाथि छलफल चल्दा प्रधानमन्त्री र मन्त्रीहरू उपस्थित हुनैपर्छ । संसदीय प्रणाली भनेकै सरकार संसदप्रति उत्तरदायी हुनु हो । सरकारको उत्पत्ति संसदबाट हुने भएको हुँदा संसदप्रति उत्तरदायी बनाएको हो। सरकार नीति तथा कार्यक्रम राष्ट्रपतिले सम्बोधन गरिरहँदा प्रधानमन्त्री बीचैमा छोडेर हिड्ने, छलफलमा उठेका प्रश्नको उत्तर प्रधानमन्त्रीले दिन नमान्ने परंपरा बन्ने त होइन भन्ने अवस्था आएको छ ।

सभामुखले संसदमा प्रधानमन्त्रीलाई उपस्थित हुन निर्देशन दिन नसक्दा प्रधानमन्त्रीले मात्र होइन मन्त्रीले समेत संसद बैठक छल्न थालेका छन।दुई तिहाइ बहुमतको सरकारले संसद्लाई नटेने प्रबृत्ति बढेर गएको छ। बजेटमाथिको छलफल चल्दा प्रधानमन्त्री र मन्त्रीहरू अनुपस्थित हुने परम्पराले निरन्तरता पाएको छ । पुराना राजनीतिक दल भन्दा फरक ठानिएका रास्वपाकै प्रधानमन्त्री र मन्त्रीहरू प्रतिनिधि सभा बैठकमा बजेटमाथि छलफल चलिरहँदा अनुपस्थित हुने क्रम बढेको छ। जसका कारण सोमबार र मंगलबार लगातार सांसदहरूले प्रतिनिधि सभा बैठकमा मन्त्रीहरूको खोजी गर्न पुगे । मन्त्रालयगत बजेट छलफलका क्रममा सम्बन्धित मन्त्रालयका मन्त्रीहरू नै अनुपस्थित भएको भन्दै विपक्षी सांसदहरूले मन्त्रीको खोजी गरेपछि सभामुख डीपी अर्यालले दुवै दिन १५ मिनेटका लागि बैठक स्थगित गर्न बाध्य भए । मंगलबारको बैठकमा सांसदहरूले रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयको बजेटमाथिको छलफलमा प्रधानमन्त्री बालेन शाह उपस्थित हुनुपर्ने माग अघि सारे ।

उनीहरूले प्रतिनिधिसभा नियमावलीमा सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य रहेको विषय उठाउँदै सम्बन्धित मन्त्री बैठकमा उपस्थित हुनुपर्ने व्यवस्थाका कारण सभामुख बैठक स्थगित गरेर मन्त्रीको खोजीमा लाग्नुपरेको थियो । प्रतिनिधिसभा नियमावलीको नियम ६ को उपनियम ५ मा भनिएको छ, 'बैठकमा मन्त्रीको उपस्थिति अनिवार्य हुनुपर्नेछ र कुनै मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल हुँदा सम्बन्धित मन्त्री समेत अनिवार्य उपस्थित हुनुपर्नेछ ।' यही व्यवस्था अनुसार मंगलबारको बैठकमा रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयको बजेटमाथिको छलफलका क्रममा प्रधानमन्त्री बालेन्द्र शाह उपस्थित हुनुपर्नेछ ।

जस अनुसार मंगलबार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, गृह मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयको बजेटमाथि छलफल गने कार्यसूची तयार थियो । तर, मंगलबारको बैठकमा सम्बन्धित मन्त्रीहरू उपस्थित नभएको भन्दै नेकपाका सांसद गोपाल शर्मा र सोमबार एमालेका सांसद राजेन्द्र राईले मन्त्री अनुपस्थित भएर बजेटमाथिको छलफल अघि बढ्न नसक्ने बताएका थिए। त्यसपछि बैठक स्थगित हुन पुगेको थियो ।

सभामुखले प्रधानमन्त्री र मन्त्रीहरूलाई बैठकमा उपस्थित हुन निर्देशन दिन नसक्दा विपक्षी सांसद राजेन्द्र राईले मन्त्रीको उपस्थिति बिना नबोल्ने अडान लएायो तीन पटकको अडानले बल्ल मन्त्रीहरू हतारहतार उपस्थित हुन थालेका छन । मिनि संसदको रुपमा चिनिने समितिको बैठकमा सम्बन्धित मन्त्री उपस्थित नहुँदा बैठक स्थगित भएको छासंसद्लाई छल्ने र भाग्न खोज्नेलाई बैठकमा उपस्थित गराउन राजेन्द्र राईको जस्तो रोष्टम छोड्दै नछाड्ने अडान लिनपने अवस्था आउन नदिन सभामुखको कडा निर्देशन आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्पेन र केप भर्डेलबीचको खेल बराबरी

**रासस**
काठमाडौं, २ असार

फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत सोमबार भएको विश्वकप विजेता स्पेन र अफ्रिकन राष्ट्र केप भर्डेलबीचको खेल बराबरीमा टुङ्गिएको छ ।

अमेरिकाको एटलान्टास्थित एट्लान्टा रङ्गशालामा सम्पन्न खेलको निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसकेपछि खेल गोलरहित बराबरीमा टुङ्गिएको हो । सन् २०१० को विश्वकप विजेता स्पेनले विश्वकपमा नवप्रवेशी टोली केप भर्डेलससँग निकै दबाबमा खेले पनि गोल गर्न भने सकेन । यस बराबरी खेलसँगै विश्वकपको समूह 'एच'मा रहेका दुवै टोलीले समान एक/एक अङ्क जोडेका छन् ।

# न्यूजिल्यान्ड र इरानबीचको खेल बराबरीमा टुङ्गियो

**रासस**
काठमाडौं, २ असार

फिफा विश्वकप-२०२६ अन्तर्गत आज भएको खेलमा न्यूजिल्यान्ड र इरानबीचको खेल बराबरीमा सकिएको छ ।

अमेरिकाको क्यार्लिफोर्नियास्थित लस एन्जलस स्टेडियममा आज भएको खेलमा न्यूजिल्यान्ड र इरानबीचको खेल २-२ गोलको बराबरीमा समाप्त भएको हो । न्युजिल्यान्डका इलाइजा जस्टले खेलको सातौँ मिनेटमै गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यसपछि इरानले खेलको ३२औँ मिनेटमा रेजाइयानको उत्कृष्ट गोलमार्फत खेल बराबरीमा ल्याए । खेलको दोस्रो हाफको ५४औँ मिनेटमा जस्टले व्यक्तिगत दोस्रो गोल न्युजिल्यान्डलाई २-१ को अग्रता दिलाए । त्यसपछि खेलको ६४औँ मिनेटमा इरानका मोहम्मद मोहब्बीले हेडमार्फत गोल गर्दै खेललाई २-२ गोलको बराबरीमा ल्याए ।

# उरुग्वे र साउदी अरबबीचको खेल बराबरी

**रासस**
काठमाडौं, २ असार

फिफा विश्वकप-२०२६ अन्तर्गत समूह 'एच' को उरुग्वे र साउदी अरबबीचको खेल बराबरीमा टुङ्गिएको छ ।

अमेरिकाको फ्लोरिडास्थित मियामी स्टेडियममा आज बिहान भएको खेलमा दुवै टोलीले १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेका हुन् । खेलको ४१औँ मिनेटमा साउदीले पहिलो अग्रता लिएको थियो । उसका लागि अब्दुल्लाह अलाम्रीले गोल गर्दै साउदीलाई अग्रता दिलाएका हुन्।त्यस्तै साउदीको १-० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ८० औँ मिनेटमा उरुग्वेका लागि म्याक्सी अराजोले गोल गर्दै खेललाई बराबरीमा ल्याए । त्यसपछि दुवै टोलिले गोल गर्न सकेन्न र अन्तत खेल १-१ गोलको बराबरीमा सकियो । यस खेलसँगै समूह 'एच' मा चार वटै टोलीले पहिलो खेलपछि समान एक एक अङ्क जोडेका छन् । गए राति भएको समूह 'एच' कै अर्को खेलमा स्पेन र केपभर्डेले पनि १-१ को बराबरी खेलेका थिए ।

# पोखरामा अन्तर्राष्ट्रिय ओलम्पिक दिवस मनाउन शुरु




**पोखरापत्र संवाददाता**
पोखरा, २ असार

पोखरामा अन्तर्राष्ट्रिय ओलम्पिक दिवस मनाउन शुरु गरिएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक दिवस (२३ जुन २०२६)को अवसर पारेर प्रदेश खेलकुद परिषद् गण्डकीमा मंगलबार एक कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रमको सहजिकरण नेशनल ओलम्पिक एकेडेमी, नेपालका अध्यक्ष तेज बहादुर गुरुङले गरेका हुन् ।

कार्यक्रममा प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्मा प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए। कार्यक्रममा एकेडेमीका अध्यक्ष गुरुङले माइन्डफुलनेस मेडिटेशन तथा ओलम्पिक अभियानका विषयमा प्रस्तुतिकरण राख्दै खेलकुद केवल मनोरञ्जन, जित र हारसँग मात्र सम्बन्धित नभई समाज रुपान्तरणको महत्वपूर्ण माध्यम भएको बताए । गुरुङले कार्यक्रममा ओलम्पिकको इतिहास, उत्पत्ति, विकासक्रम तथा अन्तर्राष्ट्रिय एकताको प्रतीकका रूपमा यसको महत्वबारे प्रस्तुतीकरण राखेका थिए। कार्यक्रममा सहभागीहरूलाई ध्यान योगको अभ्याससमेत गराइएको थियो । अन्तरक्रियामा प्रदेश खेलकुद परिषद्का पदाधिकारी, सदस्य, विभिन्न प्रदेशस्तरीय खेल संघका पदाधिकारी तथा खेलाडीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष गुरुङले अन्तर्राष्ट्रिय ओलम्पिक दिवसको अवसरमा विश्वभरका २०६ राष्ट्रिय ओलम्पिक समितिहरूले विभिन्न खेल गतिविधिमार्फत दिवस मनाइरहेको जानकारी दिए। सोही क्रममा नेपालमा पनि असार २ गतेदेखि ९ गतेसम्म विभिन्न कार्यक्रम आयोजना भइरहेको उनले बताए । यसै अवसरमा आगामी शनिबार पोखरा महानगरपालिका वडा नम्बर १ सँगको सहकार्य तथा नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा ५ किलोमिटर सडक दौड प्रतियोगिता र असार ७ गते आइतबार बिद्यालय स्तरिय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिने जानकारी अध्यक्ष गुरुङले दिए । नेशनल ओलम्पिक एकेडेमी, नेपालका अध्यक्ष तेज बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राष्ट्रिय ओलम्पिक एकेडेमीका कार्यकारी सदस्य हरि प्रसाद पराजुलीले गरेका हुन् ।

# गण्डकी बजेटमा 'रिटर्न टु भिलेज'देखि 'इन्भेष्ट गण्डकी'सम्म

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार

'आत्मनिर्भर र समुन्नत प्रदेशःसुखी प्रदेशवासी'को दीर्घकालीन सोचसहित गण्डकी प्रदेश सरकारले लगानी, नवप्रवर्तन, उद्यमशीलता तथा औद्योगीकीकरणलाई प्रोत्साहन हुने गरी सोमबार बजेट ल्याएको छ ।

गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा आगामी आव २०८३/८४ को बजेट प्रस्तुत गर्दै आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले प्रदेशको आर्थिक-सामाजिक रुपान्तरणका लागि निजी क्षेत्रसँग हातेमालो गरिने बताउनुभयो । प्रदेशमा लगानी आकर्षित गरी आर्थिक विकास र रोजगारी सिजर्नाका लागि 'मेरो प्रदेशः मेरो दायित्व' र 'इन्भेष्ट गण्डकी'लाई अभियानकै रुपमा सञ्चालन गरिने उहाँको भनाइ छ । मन्त्री शेरचनले लगानीमैत्री वातवरण निर्माण गर्न नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार गरिने बताउनुभयो ।

स्रोतसाधनको प्रचुरतासँगै अवसर र सम्भावनाले भरिएको गण्डकी प्रदेशलाई आत्मनिर्भर तथा समुन्नत बनाउने गरी बजेटका उद्देश्य र प्राथमिकता निर्धारण गरिएको मन्त्री शेरचनले बताउनुभयो । सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमा जोड दिइएको छ । पर्यटन र कृषिलाई प्राथमिकता दिइएको बजेटमा 'रिटर्न टु भिलेज', 'मनाङ, मुस्ताङको स्याउ, नवलपुरको धानः स्याङ्जाको सुन्तला, गण्डकीको सान', 'रैथाने बाली रोपौं, स्वास्थ्य र पर्यावरण बचाऔं'लगायत कार्यक्रममा बजेट विनियोजन गरिएको छ ।

युवालाई कृषि पेशामा आकर्षित गर्न 'रिटर्न टु भिलेज' अभियान सञ्चालन गरिने मन्त्री शेरचनले बताउनुभयो । ऋणमा ब्याज अनुदान, न्यूनतम समर्थन मूल्य कार्यान्वयन र व्यावसायिक कृषि प्रवर्द्धनका लागि रू चार करोड बजेट विनियोजन गरिएको छ। युवा जनशक्तिलाई लक्ष्य गरी 'प्रविधिमा जोडौं, समुन्नतिमा जोडौं' को अवधारणासहित पर्यटकीय राजधानी पोखरामा सूचना प्रविधि पार्क निर्माण गरिने बजेटमा उल्लेख छ। कुल रु ३२ अर्ब ९९ करोड करोड ९९ लाखको बजेट सार्वजनिक भएकामा सबैभन्दा बढ़ी भौतिक पूर्वाधार विकास र यातायात क्षेत्रमा रू ११ अर्ब ९६ करोड विनियोजन गरिएको छ ।

ऊर्जा, जलस्रोत र खानेपानी क्षेत्रका लागि रू चार अर्ब ७७ करोड, स्वास्थ्यमा रू तीन अर्ब २१ करोड, सामाजिक विकास, युवा तथा खेलकुद क्षेत्रका लागि रू दुई अर्ब १६ करोड, वन तथा वातावरणमा एक अर्ब २१ करोड, उद्योग तथा पर्यटनमा दुई अर्ब, कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रका लागि रू दुई अर्ब बजेट विनियोजन गरिएको छ । चालुतर्फ रु १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार र पुँजीगततर्फ रु २० अर्ब दुई करोड ६१ लाख २२ हजारको बजेट सार्वजनिक गरिएको हो । जुन चालुतर्फ कुल विनियोजनको ३८ दशमलव ५६ र पुँजीगततर्फ ६० दशमलव ६८ प्रतिशत हो । वित्तीय व्यवस्थातर्फ रु २५ करोड अर्थात् ० दशमलव ७६ प्रतिशत बजेट विनियोजन गरिएको आर्थिक मामिलामन्त्री शेरचनले बताउनुभयो ।

आगामी आवका लागि खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हने वित्तिय समानीकरणबाट रु सात अर्ब ८४ करोड ८२ लाख, राजस्व बाँडफाँटबाट रु १० अर्ब १६ करोड ४७ लाख ४८ हजार, रोयल्टी बाँडफाँटबाट रु ५१ करोड ४८ लाख, सशर्त अनुदानतर्फ रु तीन अर्ब ९३ करोड तीन लाख, समपूरक अनुदानतर्फ रु ५५ करोड ४६ लाख र विशेष अनुदानतर्फ रु ३९ करोड ५४ लाख प्राप्त हुने अनुमान गरिएको छ। यस्तै, प्रदेश सरकारको आन्तरिक राजस्व परिचालनबाट रु पाँच अर्ब ८४ करोड १८ लाख ५२ हजार प्राप्त हुने अनुमान गरिएको मन्त्री शेरचनले बताउनुभयो । चालु आवको वार्षिक कार्यक्रम कार्यान्वयनपश्चात् रु दुई अर्ब नगद मौज्दात रहने अनुमान गरिएको छ। यसरी न्यून हुने रकम रु एक अर्ब ७५ करोड आन्तरिक ऋण परिचालनबाट पूर्ति गरिने बताइएको छ।

# चालु आर्थिक वर्षको ११ महिनामा १० खर्ब ७९ अर्ब राजस्व संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार

संघीय सरकारले चालु आर्थिक वर्षको ११ महिनामा राजस्वतर्फ १० खर्ब ७९ अर्ब ६३ करोड ४७ लाख राजस्व सङ्कलन गरेको छ ।

सरकारले चालु आर्थिक वर्षभरिमा राजस्व शीर्षकहरुमा १४ खर्ब ८० अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य राखेता पनि चालु आवको ११ महिनामा सबै शीर्षकमा सङ्कलन गर्ने लक्ष्यको ७३ दशमलव ०६ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी विवरणमा उल्लेख छ ।

सङ्घीय सरकारले कर राजस्व शीर्षकमा १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेमा ११ महिनाको अवधिमा भने लक्ष्यको ७४ दशमलव ०३ प्रतिशत अर्थात् रु नौ खर्ब ७९ अर्ब ६८ करोड ७८ लाख राजस्व सङ्कलन भएको छ।

सरकारले चालु आवको ११ महिना गैरकर राजस्वतर्फ रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि सो अवधिमा लक्ष्यको ६४ दशमलव ७३ प्रतिशत अर्थात् रु ९९ अर्ब ९४ करोड ६९ लाख राजस्व सङ्कलन गरेको छ।

त्यस्तैगरी, चालु आवमा अनुदानतर्फ ५३ अर्ब ४४ करोड ६९ लाख राजस्व सङ्कलन गने लक्ष्य राखेकामा सो अवधिमा भने लक्ष्यको ४२ दशमलव ८२ प्रतिशत अर्थात् २२ अर्ब ८८ करोड ५९ लाख मात्रै सङ्कलन भएको छ।

# बालोदयमा साइबर अपराध तथा लागूऔषध दुर्व्यसन सम्बन्धी सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार

पोखरा महानगरपालिका-१७, बिरौटास्थित बालोदय सेकेण्डरी स्कुलमा लागूऔषध दुर्व्यसन तथा साइबर अपराध सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ।

सामुदायिक प्रहरी सेवा केन्द्र, बैदामका प्रहरी निरीक्षक मुकुन्द रिजालको सहजीकरणमा सम्पन्न उक्त कार्यक्रममा कक्षा ८, ९ र १० का ३३० भन्दा बढी विद्यार्थीहरू सहित शिक्षकहरूको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा लागूऔषध दुर्व्यसनका कारण व्यक्ति, परिवार र समाजमा पर्ने गम्भीर असर, यसको दीर्घकालीन दुष्परिणाम तथा यसबाट बच्ने उपायहरूबारे विस्तृत रूपमा जानकारी गराइएको थियो। साथै, साइबर अपराधका विभिन्न स्वरूपहरू जस्तै सामाजिक सञ्जाल दुरुपयोग, अनलाइन ठगी, ह्याकिङ, फेक आईडी तथा व्यक्तिगत गोपनीयता उल्लङ्घन जस्ता विषयमा समेत सचेत गराउँदै सुरक्षित डिजिटल प्रयोगको महत्वमा विशेष जोड दिइएको थियो ।

विद्यार्थीहरूलाई सामाजिक सञ्जालको जिम्मेवार प्रयोग, अनलाइन जोखिम पहिचान गर्ने तरिका तथा डिजिटल माध्यमबाट सुरक्षित रहने उपायहरूबारे व्यवहारिक जानकारी प्रदान गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरूले सक्रिय रूपमा सहभागिता जनाउँदै आफ्ना जिज्ञासा समेत राखेका थिए । विद्यालयको नवनिर्मित भवनको सभाहलमा सम्पन्न उक्त कार्यक्रमको अन्त्यमा प्राचार्य टेकनाथ पौडेलले सहजकर्ता प्रहरी निरीक्षक मुकुन्द रिजाल तथा सामुदायिक प्रहरी सेवा केन्द्र, बैदामलाई धन्यवाद ज्ञापन गर्नुका साथै यस्ता सचेतनामूलक कार्यक्रमले विद्यार्थीहरूलाई गलत बाटोबाट टाढा रहन, सुरक्षित जीवनशैली अपनाउन तथा अनुशासित, सचेत र जिम्मेवार नागरिक बन्न महत्वपूर्ण प्रेरणा दिने विश्वास व्यक्त गर्नुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखापरीक्षण

पोखरा महानगरपालिका वडा नं. १०, गिता शान्तीमार्गमा उपकार तमु समाज घर निर्माण कार्य सम्पन्न गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| | |
|---|---|
| योजनाको नाम | : **उपकार तमु समाज घर निर्माण** |
| सदस्य संख्या | : **७ जना (२ जना महिला)** |
| उ.स. नाम | : **उपकार तमु समाज घर निर्माण उपभोक्ता समिति** |
| उ.स. अध्यक्ष | : **नरेश कुमार घले (९८०४१४७२१२)** |
| योजना सम्झौता मिति | : **२०८२/११/१३** |
| योजना सुरु हुने मिति | : **२०८२/११/१४** |
| योजना सम्पन्न हुने मिति | : **२०८३/०२/१५** |
| योजना सम्पन्न भएको मिति | : **२०८३/०२/१४** |
| पोखरा-१० बाट प्राप्त | : **रु. ५,००,०००/-** |
| जन सहभागिता | : **रु. ८९,१४६/-** |
| जम्मा लागत खर्च | : **रु. ५,८९,१४६** |

**उपकार तमु समाज घर निर्माण उपभोक्ता समिति**
पोखरा-१०, कास्की

# जलजलाको लुप्राङमा अङ्गुरखेती

**रासस**
म्याग्दी, २ असार



म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-८ लुप्राङमा अङ्गुरखेतीको परीक्षण सफल भएको छ।

समुद्री सतहदेखि करिब एक हजार आठ सय मिटर उचाइमा अवस्थित लुप्राङमा रहेको श्रीहरी कृषि तथा पशुपन्छी फार्मका सञ्चालक ताराकुमारी रेग्मीले अङ्गुरखेतीको परीक्षण गर्नुभएको हो । "चार वर्षअघि भारतबाट ल्याएर प्लास्टिकको टनेलभित्र रोपेको अङ्गुरका दुई वटा बोटले उत्पादन दिन थालेका छन्", उहाँले भन्नुभयो, "गत वर्ष प्रतिकिलो रु चार सय ५० देखि पाँच सयका दरले रु ३५ हजारको अङ्गुर घरबाटै बेचेको थिए । यसपालि दाना बढी लागेकाले उत्पादन बढ्ने अनुमान छ ।" अङ्गुरको दाना पाक्ने समयसम्म नझरी बोटमा रह्यो भने कृषि प्राविधिकहरूसँग सल्लाह गरेर अङ्गुरखेती विस्तार गर्ने रेग्मीको योजना छ। दुई छोरा पढाउन पाँच वर्ष बागलुङ बजार बसेकी रेग्मीले घर फर्किएपछि अङ्गुर, गोलभेडा, सुन्तला खेतीका साथै बाख्रापालन सुरु गर्नुभएको थियो। "कक्षा पाँच सम्म गाउँकै विद्यालयमा पढेका दुई जना छोराहरूलाई स्कुल टाढा भएकाले पाँच वर्ष बागलुङमा डेरा खोजेर १० सम्म पढाए", टीकाकुमारीले भन्नुभयो, "कक्षा १० उत्तीर्ण गरेपछि उच्च शिक्षा हासिल गर्न दुई जना छोराहरू काठमाडौँ गएपछि घर फर्किएर धानखेती हुने खेतमा सुन्तलाका बिरुवा लगाउँदा आफन्त र छिमेकीहरूले असफल हुने काम नगर्न सुझाउनुभएको थियो।"

स्वदेशमै उद्यमशील बनेर स्वरोजगार, आत्मनिर्भर र आयआर्जनतर्फ अग्रसर हुनुपने धारणाबाट प्रेरित भएकी रेग्मीलाई स्थानीय विद्यालयका शिक्षक रहेका श्रीमान्‌ले साँझ, बिहान र बिदाको समयमा बगैँचाको काममा साथ दिनुभएको छ। उहाँको बगैँचामा रसात सय ५० सुन्तला र कागतीका बोट छन् । गत वर्ष रु चार लाख ८० हजारको सुन्तला बिक्री भएको रेग्मीले बताउनुभयो। प्लास्टिक टनेलभित्र अङ्गुरका साथै टमाटरखेती पनि गर्नुभएको छ। हुर्कदै गरेको सुन्तला बगैँचाभित्र सिमीखेती गर्नुभएको छ। अङ्गुर गाउँबाट बिक्री हुन्छ । सुन्तला पोखरा र तरकारी कुश्मामा खपत हुने गरेको छ । कृषि फार्मबाट वार्षिक रु १० देखि १२ लाख बचत गने रेग्मीको कमाइ देखेर विगतमा सुन्तला रोप्दा गाली गर्नेहरू दङ्ग परेका छन्। उहाँकै सिको गरेर धेरै जसो लुप्राङवासीले धान, मकै, कोदोको विकल्पमा सुन्तलाखेती गरेका छन् । उहाँलाई राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, जलजला गाउँपालिका र वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रममार्फत प्रविध, पूर्वाधार निर्माणमा सहयोग, सीपमूलक तालिम, व्यावसायिक योजना तयार पार्न, भ्रमण र प्रदर्शनीको व्यवस्था मिलाएका छन् । नाग्लिवाङ हुँदै लुप्राङ जोड्ने सडक स्तरोन्नति नहुँदा कृषिउपज बिक्रीका लागि बजार पठाउन समस्या भएको रेग्मीले गुनासो गर्नुभयो । बाँदरको समस्या पनि मुख्य चुनौती बनेको छ । यसपालि यही जेठ १२ गते परेको असिनाले खाद्यबाली, सुन्तला र तरकारीखेतीमा क्षति पुऱ्याएको किसानहरूले गुनासो गरेका छन् ।

# वन्यजन्तुबाट क्षति व्यहोरेकालाई सात लाख राहत

**पोखरापत्र संवाददाता**
दमौली, २ असार

डिभिजन वन कार्यालय तनहुँले चालु आर्थिक वर्षमा वन्यजन्तुबाट क्षति ब्यहोरेकालाई रु सात लाख नगद राहत वितरण गरेको छ।

कार्यालयले वन्यजन्तुबाट भएको क्षतिको राहत निर्देशिका २०८० बमोजिम जनही रु सात लाख ३९ हजार तीन सय ७० राहत वितरण गरेको हो।

बाँदर र भालुको आक्रमणबाट घाइते भएकालाई रु दुई लाख १८ हजार १२०, पशुधन क्षती ब्यहोरेकालाई रु ९८ हजार, बाँदरबाट कृषिबाली क्षति भएकालाई रु चार हजार २५०, पशुधन र कृषिबाली क्षति ब्यहोरेकालाई रु चार लाख १९ हजार राहत वितरण गरिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो।

रानाभाटले वन्यजन्तु र मानवबीचको द्वन्द्व चुनौतीका रूपमा देखिन थालेको उल्लेख गर्दै वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चिँदै जानु, जङ्गल आसपास मानव बस्ती विस्तार हुनु तथा खाद्यान्नको खोजीमा वन्यजन्तु बस्ती क्षेत्रमा प्रवेश गर्नु मुख्य कारण रहेको बताउनुभयो।

उहाँले वन्यजन्तुबाट क्षति ब्यहोरेका नागरिकले सम्बन्धित वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समूह वा डिभिजन वन कार्यालयमा समयमै जानकारी गराउनुपर्ने व्यवस्था रहेको बताउनुभयो । तनहुँका व्यास, भानु, शुक्लागण्डकी, बन्दीपुर, घिरिङ, म्याग्दे तथा आँबुखैरेनी क्षेत्रका विभिन्न ग्रामीण बस्तीमा बाँदर र अन्य वन्यजन्तुका कारण कृषिबाली तथा पशुधनमा क्षति पुग्ने समस्या बर्सेनि दोहोरिने गरेको छ।

यसैगरी जिल्ला कृषि विकास कार्यालय, तनहुँले आँबुखैरेनी गाउँपालिका-६ घलडाँडाका कृषकलाई ९० प्रतिशत अनुदानमा विभिन्न कृषि सामग्री वितरण गरेको छ । कृषक समूहलाई सिँचाइ व्यवस्थापनमा सहजता ल्याउन पाँच हजार लिटर क्षमताको एक थान ठूलो हिल ट्याङ्की वितरण गरिएको छ।

त्यसैगरी, समूहमा आबद्ध २२ जना कृषकलाई ५०० लिटर क्षमताका हिल ट्याङ्की, २० एमएम सिँचाइ पाइप, विभिन्न स्थानीय बालीका बीउबिजन, एग्रिकल्चर स्प्रेयर लगायत कृषि सामग्री प्रदान गरिएको हो।

कृषकका उत्पादन वृद्धि, आधुनिक कृषि प्रविधिको विस्तार तथा व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत उक्त कृषि सामग्री वितरण गरिएको हो।

गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानले कृषि क्षेत्रलाई आत्मनिर्भर अर्थतन्त्रको आधारका रूपमा विकास गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीले कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकीकरण र उत्पादन वृद्धि मुख्य लक्ष्य रहेको बताउनुभयो । कृषकहरूलाई वितरण गरिएका सामग्रीले सिँचाइ व्यवस्थापनमा सुधार ल्याउनुका साथै उत्पादन लागत घटाउन र उत्पादन वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# मुस्ताङका होटल र पसलमा अनुगमन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ असार



जिल्ला सदरमुकाम जोमसोमका होटल तथा पसलमा छड्के बजार अनुगमन गरिएको छ।

घरपझोङ गाउँपालिका कार्यालयको नेतृत्वमा विभिन्न सरोकारवाला निकायले संयुक्त रुपमा बजार मुस्ताङको पर्यटकीय केन्द्र जोमसोम बजार क्षेत्रमा आज छड्के अनुमगन गरिएको हो।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको टोलीले घरपझोङ–३ जोमसोमस्थित पुथाङ एयरपोर्ट बजार क्षेत्रमा छड्के अनुगमन गरेको थियो । गाउँपालिका उपाध्यक्ष जमुना थकालीको नेतृत्वमा पुथाङ एयरपोर्ट बजार क्षेत्रका २५ भन्दा बढी होटल तथा किराना र खाद्यान्न पसलहरुमा आकस्मिक छड्के अनुगमन गरिएको गाउँ कार्यपालिका सदस्य भिषण थकालीले जानकारी दिनुभयो।

धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङको सदरमुकाम तथा सबैभन्दा बढी पर्यटकको चहलपहल हुने मुख्य केन्द्र पुथाङ एयरपोर्ट क्षेत्रमा गाउँपालिकाले आकस्मिक छड्के अनुगमन गरिएको हो । पर्यटकीय यामसमेत भएकाले मुस्ताङ आएका पर्यटक तथा सर्वसाधारण नागरिकको स्वास्थ्य रक्षाका लागि बजार अनुगमन गरिएको उपाध्यक्ष थकालीले बताउनुभयो । म्याद गुज्रिएका अखाद्य पदार्थ तथा वस्तुले मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउन सक्ने भएकाले गाउँपालिकाको अगुवाइमा छड्के अनुमगन गरिएको उपाध्यक्ष थकालीको भनाइ छ । घरपझोङ गाउँपालिकाले विसं २०८० सालदेखि गाउँपालिकाभित्रका व्यापारिक प्रतिष्ठानहरुमा सिसाका बोतलमा 'ब्रान्डिङ' गरिएको मदिराजन्य बियर बिक्री वितरण गर्न प्रतिबन्ध लगाइसकेको छ । गाउँपालिकाको उक्त नियमलाई थप कडाइका साथ कार्यान्वयन गर्ने गरी बजार अनुगमन गरिएको हो।

सिसाजन्य बियरका बोतलले दुर्घटना र जोखिम निम्त्याउने र वातावरण स्वच्छतामा समेत प्रतिकूल असर पुऱ्याउने भएकाले गाउँपालिकाले बोतलमा ब्रान्डिङ गरिएका बियर बिक्री वितरणमा प्रतिबन्ध लगाउँदै आइरहेको छ। गाउँपालिकाद्वारा गरिएको बजार अनुगमनका क्रममा डेढ दर्जन पर्यटक लक्षित होटल र आधा दर्जन बढी किराना, फ्रेस हाउस र खाद्यान्न पसलहरुको अनुगमन गरियो । टोलीले व्यवसायीले होटल तथा पसलहमा साइनबोर्ड, व्यवसाय दर्ता तथा नवीकरण, मूल्यसूची, लगबुक रजिस्ट्रार राखेको/नराखेको तथा खरिद बिल तथा उपभोक्तालाई दिइने बिल, सरसफाइ, मदिराको मूल्य अभिवृद्धि करको प्रमाणपत्र दर्ता तथा नवीकरण गरे/नगरेकोबारे सोधनी गरेको थियो।

त्यस्तै, स्वदेशी तथा विदेशी र स्थानीय मदिराको पेयपदार्थमा अन्तःशुल्क स्टिकर राखेको वा नराखेको, खाद्य सामग्रीको लेबल चेकजाँच, नापतौल चेकजाँच र व्यवसायले प्यान वा भ्याट बिल प्रयोग गरेको वा नगरेको लगायतको अनुगमन गरेको हो।

बजार अनुगमनका क्रममा फेला परेका म्याद गुज्रिएका अखाद्य पदार्थलाई बरामद गरी सरोकारवाला निकायको रोहबरमा जोमसोमस्थित कालीगण्डकी नदी किनारामा खाल्डो खनी नष्ट गरिएको छ।

# सेउलुङ बस्ती पहिरो जोखिममा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ असार

स्थानीय मालिका गाउँपालिका-३ मा अवस्थित सेउलुङ बस्ती पहिरोको उच्च जोखिममा परेको छ।

टाक्सेखोलाको फेदीदेखि सुरु भएको पहिरो बस्तीमै पुगेपछि जोखिम बढाएको हो । सेउलुङका स्थानीय रविन खत्रीले खेतीयोग्य जमिन पहिरोले बगाउँदा त्यहाँका तीन घरसमेत उच्च जोखिममा परेको बताउनुभयो । "पहिराले दुई हलको बारी बगाइसकेको छ, आँगनमै पहिरो आइपुगेकाले बर्खामा घरमा बस्ने अवस्था छैन", उहाँले भन्नुभयो । स्थानीय कर्णबहादुर खत्री, बलबहादुर खत्री र चित्रबहादुर खत्रीको घर पहिरोको उच्च जोखिममा परेको छ । पछिल्ला वर्ष निरन्तर पहिरो जाँदा करिब २० घरपरिवारको बसोबास रहेको सेउलुङ टोल, सयौँ रोपनी खेतीयोग्य जमिन र अदिभारा-डाडाँगाउँ-सोले-तमानखोला सडक पनि जोखिममा पर्ने खत्रीले बताउनुभयो। पहिरोका कारण नजिकको जमिन धाँजा फाटेर चिराचिरा परेको छ।उहाँका अनुसार टाक्से हुँदै रुम जोड्ने सडक निर्माणसँगै पहिरो बग्न थालेको हो । फेदी टाक्सेमा जाली लगाए पनि माथिल्लो क्षेत्रमा पहिरो रोकिएको छैन । ठूलो क्षेत्रफल र लामो पहिरो भएकाले रोकथामको प्रयास सफल हुनसकेको छैन । मालिका गाउँपालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले गाउँपालिकाका प्राविधिक टोलीबाट पहिरो प्रभावित क्षेत्रको निरीक्षण गरिए पनि प्रतिकूल र कठिन भूगोलका कारण तत्काल रोकथामको हुन नसकेको बताउनुभयो । जोखिममा रहेका घरपरिवारलाई सुरक्षित ठाउँमा स्थानान्तरणका लागि पहल गरिएको उहाँले बताउनुभयो। पहिरो बढ्न नदिन भल व्यवस्थापनको प्रयास गरिएको वडाध्यक्ष बुढाले बताउनुभयो।


## संस्थाको नाउँमा रहेको गैह्रबैंकिङ सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको ७ दिने सार्वजनिक सूचना

**छैटौं पटक प्रकाशित मिति २०८३/०३/०३ गते**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३, को नाउँमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ती सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र संस्थाको कार्यालय पोखरा-१३ कुँडहर स्थित कार्यालयमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता, बोलपत्रवाला तथा सम्बन्धित सबैलाई सूचित गरिन्छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन। बिक्री गरिने अचल सम्पत्तिको विस्तृत विवरण तपसील बमोजिम उल्लेख गरिएको छ।

| क्र.सं. | जग्गाधनीको नाम | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १७५ | १४५.४० वर्ग मी. | पोखरा-०९, कास्की | मिति २०७९/०३/३१ मा लिलाम सकार दाखिला खारेज भई आएको |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र दस्तुर रु १,०००/- (फिर्ता नहुने) बुझाई बोलपत्र फारम प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको न्यूनतम १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको चेक/डाफ्ट/नगद जम्मा भौचर नथ्थी शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. कुनै पनि अवस्थामा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
८. उक्त बिक्रीमा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क (पुँजिगत लाभकर बाहेक) खरिद गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
९. उल्लेखित सम्पत्ति लिइ सकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१०. बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै बोलपत्रको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
११. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१२. थप जानकारीका लागि मोवाईल नम्वर ९८५६०३४६६५ र ९८५६०२११२६ मा सम्पर्क गर्न आग्रह गरिन्छ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८३/०३/०९ गतेसम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः बिहान १०:०० बजेदेखि बेलुका ०४:०० बजेसम्म | मितिः २०८३/०३/१० गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः दिउँसो १:३० बजे |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७